## बैठक नं ८

मितिः २०८०।१२।२२ गते बिहिबार, जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको आयोजनामा सरकारी वकील तथा वन र निकुञ्जका अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

सरकारी वकील

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका बर्दिया

सहायक जिल्ला न्यायाधिवक्ता श्री शिवराज पौडेल, जिसवका बर्दिया

सहायक जिल्ला न्यायाधिवक्ता श्री कमल सुनार, जिसवका बर्दिया

वन अनुसन्धान अधिकृत

वन अधिकृत श्री ज्ञानबहादुर चौधरी, डिभिजन वन कार्यालय, बर्दिया

वन अधिकृत श्री रामगणेश साह, डिभिजन वन कार्यालय, बर्दिया

वन अधिकृत श्री सन्तोष चौधरी, डिभिजन वन कार्यालय, बर्दिया

वन अधिकृत श्री वन्दना राना, डिभिजन वन कार्यालय, बर्दिया

रेञ्जर श्री हसिना चौधरी, डिभिजन वन कार्यालय, बर्दिया

निकुञ्जका अनुसन्धान अधिकृत

रेञ्जर श्री सन्तबहादुर मगर, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, बर्दिया

रेञ्जर श्री भरत पौडेल, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, बर्दिया

रेञ्जर श्री आशिष त्रिपाठी, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, बर्दिया

रेञ्जर श्री कलाधर गौतम, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, बर्दिया

रेञ्जर श्री सुदर्शन श्रेष्ठ, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, बर्दिया Sudarshan

सहायक कर्मचारी

नायव सुब्बा श्री भगवती शर्मा पौडेल, जिसवका बर्दिया

खरिदार श्री जावन सिंह रामजाली, जिसवका बर्दिया

**छलफलका विषयहरूः**

१) सजाय छुट सम्बन्धी कानूनको कार्यान्वयन गर्ने सम्बन्धमा ।

२) अनुसन्धानको चरणमा विशेषज्ञको राय लिने सम्बन्धमा ।

३) महिला प्रतिवादी भएका तथा कानूनको विवादमा परेका बालबालिकाहरु भएका मुद्दाहरुमा अनुसन्धान गर्ने टिममा महिला कर्मचारीलाई समेत समावेश गर्ने सम्बन्धमा ।

४) जाहेरवाला, प्रतिवेदक, बुझिएका मानिसहरु तथा प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाहरुको परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने सम्बन्धमा ।

२०८०।१२।२२

निर्णयहरु

१) विषय नं १ का सम्बन्धमा छलफल गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ लगायत नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका विभिन्न कानूनहरुमा सजाय छुट सम्बन्धी व्यवस्था रहेको छ । नेपाल सरकारबाट सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० समेत जारी भई अनुसन्धान गर्ने निकाय प्रहरी र वन कार्यालयका अनुसन्धान अधिकारीबाट सजाय छुट सम्बन्धि सिफारिस भई अभियोजन गर्ने निकाय सरकारी वकीलबाटसमेत अभियोग पत्र र निर्णयमा सजाय छुट सम्बन्धि विषयलाई समावेश गरी बर्दिया जिल्ला अदालतमा सजाय छुट सम्बन्धी मागदावीको अभ्यास गरी अभियोजन भई केहि मुद्दाहरुमा सजाय छुट सहित फैसला समेत भएको अवस्था छ । अनुसन्धान गर्ने निकायहरुले बयान र सोधपुछका क्रममा प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकालाई सजाय छुटको विषयमा जानकारी गराई प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाबाट अनुसन्धानमा सहयोग पुग्दा अनुसन्धान प्रभावकारी हुने भएकाले अनुसन्धानको प्रारम्भिक चरणदेखि अनुसन्धान अधिकारीले सजाय छुट लिन सकिने मुद्दाहरुका विषयमा सरकारी वकीलसँग छलफल गर्ने तथा सजाय छुटको मागदावी हुँदा मुद्दालाई छिटो छरितो रुपमा निरुपण गर्न समेत अदालत र मुद्दा हेर्ने अधिकारीलाई सघाउ पुग्ने भएकाले निकुञ्ज र वन कार्यालयहरुबाट हुने मुद्दाको अनुसन्धानमा सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) विषय नं २ का सम्बन्धमा छलफल गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २३ मा विशेषज्ञको राय लिन सकिने सम्बन्धी कानूनी व्यवस्था रहेको छ ।उक्त दफामा अनुसन्धान अधिकारीले अनुसन्धानको सन्दर्भमा आवश्यक ठानेमा कुनै विशेषज्ञलाई साथमा लैजान वा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकोमा वन र निकुञ्जबाट अनुसन्धान हुने मुद्दाहरुमा मुद्दाको प्रकृति अनुसार अनुसार अनुसन्धान अधिकृतले अनुसन्धानको चरणमा सम्बन्धित विशेषज्ञको राय र सहयोग लिई मिसिल संलग्न गर्ने निर्णय गरियो ।

३) विषय नं ३ का सम्बन्धमा छलफल गर्दा अनुसन्धान गर्ने निकायले महिला प्रतिवादी भएका तथा कानूनको विवादमा परेका बालबालिकाहरु भएका मुद्दाहरुमा अनुसन्धान गर्ने टिममा महिला कर्मचारीलाई समेत समावेश गरी सोधपुछ, परामर्श गर्ने तथा अनुसन्धान कार्यमा संलग्न गराउँदा प्रभावकारी हुने भएकाले महिला प्रतिवादी भएका तथा कानूनको विवादमा परेका बालबालिकाहरु भएका मुद्दाहरुमा अनुसन्धान गर्ने टिममा महिला कर्मचारीहरुलाई अनिवार्य रुपमा सहभागी गराउने निर्णय गरियो । अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन महिला प्रतिवादी तथा कानूनको विवादमा परेका बालबालिकाहरु, प्रत्यक्षदर्शी, जाहेरवाला र महत्वपूर्ण गवाहलाई मुद्दाको अनुसन्धानको चरणदेखि नै आवश्यक सहयोग र परामर्श उपलब्ध गराउने निर्णय गरियो ।

२०८०।१२।२२

४) विषय नं ४ का सम्बन्धमा छलफल गर्दा प्रत्येक मुद्दाहरुमा जाहेरी दरखास्त र प्रतिवेदन दर्ता गर्दा नै जाहेरवाला र प्रतिवेदकको परिचय, उमेर र वतन खुल्ने सरकारी निकायद्वारा जारी कागजातहरु जाहेरी दरखास्त र प्रतिवेदनसँगै मिसिल संलग्न गर्ने । प्रत्येक मुद्दामा अनुसन्धानको क्रममा घटनाविवरण कागज गर्ने मानिसहरुको समेत परिचय र उमेर खुल्ने कागजातहरु घटनाविवरण कागजसँगै मिसिल संलग्न गर्ने । गोप्य नाम कायम गर्नुपर्ने जाहेरवाला, पीडित र घटनाविवरण कागज गर्ने मानिसहरुको परिचय र उमेर खुल्ने कागजातहरु गोप्य खामबन्दी फाइलमा संलग्न गर्ने । खुला फाइलमा नाम परिवर्तन गरी संलग्न गर्ने । प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाको बयान र सोधपुछ गर्नु पूर्व नै मिसिलमा परिचय खुल्ने कागजातहरु, उमेर खुल्ने कागजातहरु र बावु र आमाको विवरण खुल्ने कागजातहरु मिसिल संलग्न गर्ने । प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाले निवेदन साथ पेश गरेका उमेर र परिचय खुल्ने कागजातहरुको सन्दर्भमा जारी गर्ने निकायहरुसँग समन्वय गरेर पत्राचार गरी पेश गरिएका विवरणहरुको यकिन गर्ने । प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाले बयानका क्रममा उल्लेख गरेको वतनका सम्बन्धमा तथा फरार प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाको वतनको यकिन गर्न अनिवार्य रुपमा प्रत्येक मुद्दामा सम्बन्धित वतनका स्थानीय व्यक्तिहरु र निजका परिवारका सदस्यहरुसँग सोधपुछ गरी मुचुल्का खडा गरेर मिसिल संलग्न गर्ने निर्णय गरियो ।

२०८०।१२।२२
(नगेन्द्र लहसाल)
जिल्ला न्यायाधिवक्ता
जि.स.व.का. बर्दिया

२०८०।१२।२२